# अपि पावर कम्पनी लिमिटेड

ट्रेड टावर नेपाल, चौथो तल्ला थापाथली-११, काठमाण्डौं
फोन नं. ०१-५१११०९३, Email: info@apipower.com.np
Web:http://www.apipower.com.np


को

## अठारौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०७८/०५/०१**

अपि पावर कम्पनी लिमिटेडको मिति २०७८/०४/३२ मा बसेको संचालक समितिको बैठकको निर्णयानुसार कम्पनीको १८औं वार्षिक साधारण सभा कोभिड १९ रोगको महामारीको कारण नेपाल सरकारले जारी गरेको सुरक्षा मापदण्डको पालना गरी सभा सम्पन्न गर्नुपर्ने विशेष परिस्थितिका कारण निर्धारित विषयहरुमा छलफल गरी निर्णय गर्नको लागि मिति २०७८/०५/२५ गते हुने भएकोहुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुलाई Virtual माध्यमबाट उपस्थितीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**१८ औं वार्षिक साधारण सभा हुने मिति, स्थान र समय**

**मिति** : २०७८ साल भाद्र २५ गते शुक्रबार (Friday, 10th September, 2021)

**स्थान** : संस्थाको प्रधान कार्यालय, ट्रेड टावर, थापाथली, काठमाण्डौंबाट Virtual माध्यम Zoom App बाट सभा संचालन हुनेछ ।

**समय** : बिहान ११.०० बजे देखि ।

**१८ औं वार्षिक साधारण सभाका छलफलका बिषयहरु :**

**(क) सामान्य प्रस्ताव :**

१) संचालक समितिको तर्फबाट अध्यक्षज्युद्वारा आर्थिक वर्ष २०७७/०७८ को वार्षिक प्रतिवेदन प्रस्तुत, छलफल तथा स्वीकृत गर्ने सम्बन्धमा ।

२) लेखापरिक्षकको प्रतिवेदन सहित आर्थिक बर्ष २०७७/०७८ को वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाह लगायतका वित्तिय विवरणहरु छलफल तथा स्वीकृत गर्ने सम्बन्धमा ।

३) कम्पनी ऐन २०६३ को दफा १११ अनुसार आ.व २०७८/०७९ का लागि लेखापरिक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा (वर्तमान लेखापरिक्षक श्री आई.पि.मैनाली एण्ड एसोसियट्स नियुक्तिको लागि योग्य हुनुहुन्छ) ।

४) १८औं वार्षिक साधारण सभा प्रयोजनका लागि शेयर दाखिला खारेज बन्द भएको मितिसम्म कायम शेयरधनीहरुलाई आ.व. २०७७/०७८ को मुनाफाबाट ०.५५ प्रतिशत कर प्रयोजनका लागि नगद लाभांश वितरण गर्ने ।

**(ख) विशेष प्रस्ताव :**

१) कम्पनीको आर्थिक बर्ष २०७७/०७८ को खुद मुनाफाबाट चुक्ता पूँजीको १०.५ प्रतिशतका दरले वोनश शेयर पारित गर्ने सम्बन्धमा ।

२) कम्पनीले संचालन तथा विकास गरिरहेको आयोजनाहरुको लागि बैंक तथा वित्तिय संस्थाबाट लिने आवश्यक कर्जा कम्पनी ऐनको दफा १०५ (ख) अनुरुप तोकिएको सिमा भन्दा बढी रहेको हुँदा कर्जा अनुमोदन गर्ने तथा आयोजनाहरु निर्माणको लागि थप आवश्यक कर्जा लिन सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।

३) आर्थिक वर्ष २०७७/०७८ को १०.५ प्रतिशत वोनश शेयर वितरण पश्चात् कायम हुने चुक्ता पूँजी रु. २७५.८९ करोडको १ शेयर बराबर ०.३९३६ का दरले हुने रु. १०८.६ करोड बराबरको हकप्रद शेयर निष्काशन गर्न स्वीकृति प्रदान गर्ने । प्रस्तावित हकप्रद शेयर निष्काशनबाट प्राप्त हुने रकम कम्पनीले निर्माण गरिरहेको ४० मेगावाट क्षमताको माथिल्लो चमेलिया जलविद्युत आयोजनामा थप लगानी गरिनेछ ।

४) कम्पनीको वोनश शेयर तथा हकप्रद शेयर जारी गर्ने प्रयोजनका लागि कम्पनीको चुक्ता पूँजी बृद्धि गर्ने र प्रवन्धपत्रको दफा ६ (ख) संशोधन गर्ने सम्बन्धमा ।

५) हकप्रद शेयर जारी गर्ने कार्य गर्दा विद्युत नियमन आयोग, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज लिमिटेड, कम्पनी रजिष्ट्रारको कार्यालय लगायत नियमनकारी निकायमा आवश्यक कार्य गर्न कम्पनीको संचालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।

**(ग) विविध ।**

## १८औं वार्षिक साधारण सभा हुने सम्बन्धी जानकारीहरुः

१) हालको कोभिड १९ को महामारीको कारण नेपाल सरकारले जारी गरेको सुरक्षा मापदण्डको पूर्ण पालना गरी सभा सम्पन्न गर्नुपर्ने विशेष परिस्थितिका कारण Virtual माध्यमबाट उपस्थितीको निमित्त हार्दिक अनुरोध छ ।

२) Virtual माध्यमबाट उपस्थिति शेयरधनीलाई सभा हलमा उपस्थित भए सरह मान्यता दिईने व्यहोरा समेत जानकारी गराउँदछौं । उपस्थित गणपूरक संख्या सभा संचालनको निमित्त निर्दिष्ट संख्या अनुसार पर्याप्त भएमा मात्र सभा संचालन हुनेछ ।

३) Virtual माध्यमबाट उपस्थित शेयरधनीहरुको हाजिर निजहरुले गरेको Login मार्फत सबैको Login भएको देखिने गरी प्रमाणको निमित्त फोटो खिचेर राखिने छ साथै सभा संचालन अवधिभरीको भिडियो रेर्कडिङ्ग गरिनेछ ।

४) Meeting ID/ Password को निमित्त कम्पनीको Email Id: info@apipower.com.np मा समयमै सम्पर्क गरी प्राप्त गर्न सकिने व्यवस्था गरिएको जानकारी गराउँदछौं । साथै अन्तिम समयमा सम्पर्क गर्दा शेयरधनीको पहिचान Verification गरी ID र Password समयमै पठाउन आइ पर्न सक्ने प्राविधिक कठिनाईबाट बच्न कम्तिमा एक दिन अगावै ID र Password लिन समेत अनुरोध छ । साथै सोही Email Address मा साधारण सभाको प्रतिवेदन समेत पठाईनेछ ।

५) Virtual माध्यमबाट आफ्नो मन्तव्य राख्न चहानुहुने शेयरधनी महानुभावहरुले कम्तिमा दुई दिन अगावै कम्पनी सचिव वा कम्पनीको आधिकारिक Email : info@apipower.com.np मा सम्पर्क गरी नाम टिपोट गराउनहुन अनुरोध छ ।

६) १८औं साधारण सभा प्रयोजनको लागि कम्पनीको मिति २०७८ साल भाद्र १८ गते देखि मिति २०७८ साल भाद्र २४ गतेसम्म शेयरको दर्ता किताब बन्द रहने छ । १८ औं वार्षिक साधारण सभा (आ.व. २०७७/७८) तथा लाभांश प्रयोजनका लागि मिति २०७८ साल भाद्र १८ गते देखि अघिल्लो दिनसम्म नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा कारोवार भई ७ कार्य दिन (२०७८ साल भाद्र २४) भित्र दाखिला खारेजका लागि प्राप्त शेयरहरुबाट कायम रहेका शेयरधनीहरुले यस आ.व. २०७७/०७८ को खुद मुनाफा प्राप्त गर्न योग्य हुनेछन् ।

९) १८औं वार्षिक साधारण सभामा भाग लिन आफ्नो प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनीहरुले प्रचलित कम्पनी कानूनले तोकेको ढाँचामा वा वार्षिक प्रतिवेदन पुस्तिका अनुसारको प्रतिनिधिपत्र (प्रोक्सी) नियुक्त गर्नुपर्नेछ । तर प्रतिनिधि नियुक्त गर्नु भएका शेयरधनी आफै उपस्थित भई हाजिरी गरेमा प्रतिनिधि पत्र स्वतः बदर हुनेछ ।

१०) एक भन्दा बढी व्यक्तिहरूको संयुक्त नाममा शेयर दर्ता रहेको अवस्थामा सर्वसम्मतबाट प्रतिनिधि चयन गरिएको एक जनाले मात्र वा लगत किताबमा पहिलो नाम उल्लेख भएको व्यक्तिले सभामा भागलिन सक्नु हुनेछ । कुनै संगठित संस्था वा कम्पनीले शेयर खरीद गरेको हकमा त्यस्ता संगठित संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधिले शेयरवालाको हैसियतले सभामा भागलिन सक्नु हुनेछ ।

११) कुनै शेयरधनी महानुभावहरुले छलफलका विषयहरू मध्ये विविध शिर्षक अन्तर्गत कम्पनी सम्बन्धी कुनै विषयमा छलफल गर्न/गराउन चाहेमा सभा हुनु भन्दा ७ कार्यदिन अगावै कम्पनी सचिव मार्फत सञ्चालक समितिको अध्यक्षलाई लिखित रुपमा प्रस्ताव दिनुपर्नेछ । तर त्यस्तो प्रस्ताव साधारण सभामा छलफल वा बहसको रुपमा समावेस गर्ने वा नगर्ने अधिकार सञ्चालक समितिको अध्यक्षमा निहीत हुनेछ ।

१२) साधारण सभा सम्बन्धि अन्य कुराहरुको जानकारी आवश्यक भएमा कार्यालय समयमा कम्पनीको प्रधान कार्यालय ट्रेड टावर, थापाथली, काठमाण्डौंमा सम्पर्क राखी लिन सकिने छ । थप जानकारीको लागि कम्पनीको वेब साइट **www.apipower.com.np** बाट प्राप्त गर्न सक्नु हुनेछ ।

**सञ्चालक समितिको आज्ञाले ।**

**कम्पनी सचिव**